फोन/फ्याक्स नं. ०२६-४६०११७
Email : csidb13thum@gmail.com

प्रदेश सरकार
प्रदेश नं.१
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग विकास समिति

तेह्रथुम

प्रथम पटक प्रकाशित मिति
२०७५।०९।१७

## विषय :- छुट मूल्यमा उपयुक्त प्रविधी हस्तान्तरण गर्ने सम्वन्धी सूचना

यस कार्यालयको चालु आ.व. २०७५/०७६ को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत यस जिल्लामा दर्ता गरी उद्योग संचालन गरेका उद्यमीहरुलाई लघु, घरेलु तथा साना उद्यमी प्रविधि (मेशिन, उपकरण) हस्तान्तरण कार्यविधी, २०७३ बमोजिम **बढीमा रु.१००,०००।-(अक्षेरुपी एक लाख मात्र) सम्मको मेशिन/औजार/उपकरणहरु ८० प्रतिशत छुटमा** हस्तान्तरण गर्ने कार्यक्रम रहेका हुँदा उक्त कार्यक्रममा सहभागी हुन इच्छुक उद्यमीहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र तपशिलमा उल्लेखित कागजातहरु सहित लघु, घरेलु तथा साना उद्यमी प्रविधि (मेशिन, उपकरण) हस्तान्तरण कार्यविधी, २०७३ को अनुसुची (१) बमोजिमको ढाँचा अनुसारको निवेदन फाराममा आफुलाई चाहिएको मेशिन/औजार/उपकरणहरुको विवरण सहित दस्तुर वापत रु. १००।-(अक्षेरुपी एक सय मात्र) यस कार्यालयमा बुझाएको नगदी रसिद संलग्न राखी रित पूर्वकको निवेदन यस कार्यालयमा दिनुहुन सम्वन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ । साथैं म्याद नाघी आएका वा रित नपुगी पेश भएका निवेदनलाई यस कार्यक्रममा समावेश गरिने छैंन ।

वरिष्ठ उद्योग अधिकृत

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१) अनुसुची(१) बमोजिमको निवेदन फाराम
२) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण भएको)
३) PAN/VAT दर्ता नं. र कर चुक्ता पत्र (गत आव.सम्मको)
४) उद्योगको व्यावसायिक योजना (स्किम)
५) अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपी
६) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी
७) तालिम प्राप्त जनशक्ति भए सोको विवरण

**नोट:**

**१) एक पटक प्रविधि हस्तान्तरण गरिएका उद्यमीहरुलाई ३ वर्ष व्यतित नभै पुनः प्रविधी हस्तान्तरण गरिने छैन ।**
२) निवेदन दिने अन्तिम मिति :- २०७५ माघ १६ गते सम्म । अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलीपल्ट कार्यालय खुलेको पहिलो दिन सम्म निवेदनको म्याद कायम रहने छ ।
३) निवेदन फाराम घरेलु तथा साना उद्योग विकास समिति, तेह्रथुममा पाईने छ ।
४) प्रविधि हस्तान्तरण गरिने उद्यमीहरुको छनौट लघु, घरेलु तथा साना उद्योग प्रविधी हस्तान्तरण कार्यविधी, २०७३ बमोजिम हुनेछ ।
५) अन्य थप जानकारीको लागि यस कार्यालयको फोन नं.०२६-४६०११७ मा सम्पर्क गर्नुहन अनुरोध छ ।